लालझाडी गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

शंकरपुर, कञ्चनपुर

सुदूरपश्चिम प्रदेश, नेपाल

मितिः- २०७९।०४।०५

प.सं.:- २०७९\०८०

चलानी नं.:-

**रोजगार सहायक करारमा पदपूर्ति गर्ने सम्बन्धी सूचना ।**

**प्रथम पटक प्रकाशित मितिः २०७९।०४।०५ गते**

यस लालझाडी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, शंकरपुर, कञ्चनपुरको रोजगार सेवा केन्द्रका लागि आवश्यक रोजगार सहायक १ (एक) पद खुल्ला प्रतिष्पर्धाको माध्यमबाट करारको माध्यमबाट पदपूर्तिका लागि निम्न बमोजिम योग्यता पुगेका इच्छुक नेपाली नागरिकले यो सूचना प्रकाशित गरेको मितिले १५ (पन्ध्र) दिनभित्र माग भए बमोजिमका विवरण र यस पालिकाको राजश्व शाखामा राजश्व बुझाएको रसिदसहित यस पालिकामा बुझाउन हुन यो सूचना प्रकाशित गरिएको छ ।

तपशिलः-

| क्र.सं. | विज्ञापन नं. | पद | तह | संख्या |
|---|---|---|---|---|
| १. | १\२०७९-८० | रोजगार सहायक | स्थानीय सेवाको सहायक पाँचौ तह सरह | १ (एक) जना |

१. आवश्यक न्यूनतम् योग्यता र अनुभवः-

(क) नेपाल सरकारबाट मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तीमा प्रवीणता प्रमाण-पत्र तह वा सोसरह उत्तिर्ण गरेको ।

(ख) दरखास्त दिने अन्तिम मितिमा १८ वर्ष पूरा भई ४५ वर्ष ननाघेको ।

(ग) आधारभूत कम्प्यूटर सीप सम्बन्धी कम्तिमा ३ (तीन) महिनाको तालिम लिएको ।

२. दरखास्त दिने स्थानः- लालझाडी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, शंकरपुर, कञ्चनपुर ।

३. दरखास्त दिने अन्तिम मितिः- सूचना प्रकाशन गरेको १५ (पन्ध्र) दिनभित्र (मितिः- २०७९।०४।१९ गतेसम्म) कार्यालय समयसम्म । यदि अन्तिम दिन सार्वजनिक बिदा परेको सोको भोलिपल्ट कार्यालय खुलेको दिन ।

४. आवेदन दस्तुरः- रु. ५००।– (पाँच सय मात्र)

५. छनौटको किसिमः- प्रारम्भिक योग्यताक्रमको सूची प्रकाशन र लिखित तथा प्रयोगात्मक परीक्षा ।

६. आवेदनसाथ संलग्न गर्नुपर्ने कागजातहरुः- आवेदक स्वयमले प्रमाणित गरेका देहाय बमोजिम कागजातको प्रतिलिपिहरु

(क) नागरिकता

(ख) न्यूनतम् योग्यताको लब्धाङ्क प्रमाण-पत्र

(ग) चारित्रिक प्रमाण-पत्र

(घ) कामसँग सम्बन्धित अनुभव भए सोको कागजात

(ङ) तालिमको प्रमाण-पत्र

(च) २ (दुई) प्रति फोटो

७. सेवा सुविधा तथा अन्यः- स्थानीय तहमा प्राविधिक सहायक र रोजगार सहायक पदपूर्ति सम्बन्धी मापदण्ड, २०७८ को दफा १३ र १४ बमोजिम हुनेछ ।

८. आवेदनको ढाँचा र रोजगार सहायक पदको पाठ्यक्रम लगायत पदपूर्ति सम्बन्धी अन्य जानकारी प्रधानमन्त्री रोजगार कार्यक्रमको Website:-www.pmep.gov.np तथा यस पालिकाको Website:-www.laljhadimun.gov.np बाट प्राप्त गर्न सकिनेछ ।

९. सम्पर्क मितिपछि प्रकाशित गरिने छ।

प्रमुख प्रशासकीय अधिकृत

महेन्द्र सिंह रावल

महेन्द्र सिंह रावल
प्रमुख प्रशासकीय अधिकृत